annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ३२६ पृष्ठ १० | काठमाडौं, बुधबार २० चैत २०८१ | चैत्र शुक्लपक्ष चतुर्थी, नेपाल संवत् ११४५ | WEDNESDAY, APRIL 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गम्भीर समस्या बन्दै लागुऔषधमा युवा


**पछिल्लो समय लागुऔषध दुर्व्यसनीमा फस्ने युवाको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । दिनहुँ हुने दुर्घटनामा समेत लागुऔषध प्रमुख कारण बन्दै गएको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार २६ देखि ३५ वर्ष उमेरसमूहका सबैभन्दा धेरै युवाहरू लागुऔषध सेवन र ओसारपसारमा संलग्न छन् । पछिल्लो पाँच आर्थिक वर्षमा देशभर २७ हजार २० जना व्यक्ति लागुपदार्थ दुर्व्यसनीमा पक्राउ परेका छन् । १७ हजार ७ सय ४५ वटा मुद्दा दर्ता भएको छ । युवामा बढ्दै गएको निराशा, बेरोजगारी, राजनीतिप्रतिको वितृष्णा, अशिक्षा र सचेतनाजस्ता कारणले युवा जमात लागुपदार्थ दुर्व्यसनीमा लागिरहेको सरोकारवाला निकायले बताएका छन् ।**


समाचार पृष्ठ २

केशरराज क्षेत्री | बुटवल
- को रिपोर्ट

## लागुऔषध नियन्त्रण ऐन, २०३३

- प्राकृतिक तथा औषधिजन्य लागुपदार्थको खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारीमा प्रतिबन्ध।
- बिना वारेन्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्न सक्ने।
- लागुऔषध अपराधमा संलग्न व्यक्तिलाई एक महिनादेखि जन्म कैद तथा रु. २५ लाखसम्म जरिबानाको व्यवस्था।
- आर्थिक कारोबारको विवरण माग गर्न सक्ने र सम्पत्ति रोक्का तथा जफत गर्न सक्ने।
- यस अपराधसँग सम्बन्धित कुनै कुरा टेप गर्न वा सेन्सर गर्न सक्ने।
- प्रमाणको भार प्रतिवादीमा रहने।
- लागुऔषधसम्बन्धी सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था।
- अनुसन्धानको हदम्याद ९० दिनसम्म हुने।




## बाल सुधारगृहमा प्रहरी समयमै पुग्दा टर्‍यो ठूलो दुर्घटना

क्रान्ति शाह | वीरगन्ज

वीरगन्जको बाल सुधारगृहमा मंगलबार समयमै प्रहरी पुगेका कारण त्यहाँ ठूलो दुर्घटनाको जोखिम टरेको छ। वीरगन्ज-४ बिर्तास्थित बाल सुधारगृहमा रहेका बाल कैदीबन्दीले सुधारगृहमा खानेपानी, पंखा, शौचालय, सुत्ने-बस्ने स्थानलगायतका समस्या वर्षौंदेखि समाधान नभएको भन्दै मंगलबार दिउँसो १ बजेदेखि आन्दोलित भएका थिए। सुधारगृहभित्रै होहल्ला गर्दै प्रदर्शनमा उत्रिएका बाल कैदीबन्दीहरूले तोडफोडको प्रयास गर्दा स्थिति केहीबेर तनावग्रस्तसमेत बन्न पुगेको थियो। तर, उक्त सूचना पाएलगत्तै वडा प्रहरी कार्यालय बिर्ताबाट प्रहरी निरीक्षक निरोज चौलागाईं नेतृत्वको प्रहरी टोली सुधारगृहमा पुगेका कारण उनीहरूले तोडफोड भने गर्न पाएनन्।

लगत्तै पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी उपरीक्षक गौतम मिश्र र सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल पनि सुधारगृहमा पुगे। उनीहरूले आक्रोशित बाल कैदीबन्दीहरूसँग छलफल गरेर सुधारगृहमा विद्यमान समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिएपछि स्थिति साम्य बन्यो।

» बाँकी पृष्ठ ५

# कुशल राजनीतिज्ञ बोहरा रहेनन्

दिनेश गौतम | काठमाडौं
सलमान खान | भैरहवा

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का संस्थापक सदस्य एवं वरिष्ठ नेता दीपक बोहराको निधन भएको छ। ७४ वर्षीय बोहराको मंगलबार बिहान पौने ११ बजे निधन भएको हो।

पटक-पटक गरी ८ पटक मन्त्री बनेका बोहरा पछिल्लो तीन वर्षदेखि उपचाररत थिए। उनको नेपाल, भारत र अमेरिकामा समेत उपचार भएको पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए। पोस्ट कोभिड–१९ का कारण बोहरालाई घाँटीमा समस्या थियो। आवाज हराएको थियो। पछिल्लो समय घरमै स्वास्थ्य लाभ गरिरहेका उनको मंगलबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएको थियो। चाबहिलस्थित ओम अस्पतालमा उपचारका क्रममा उनको निधन भएको हो।

पञ्चायतकालदेखि बहुदल र गणतन्त्रसम्म जनप्रतिनिधिका रूपमा उनी निर्वाचित भएका थिए। उनी रुपन्देही-३ का प्रतिनिधिसभा सदस्य हुन्। २०७९ सालको संघीय चुनावमा रुपन्देही क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका थिए। उनले तत्कालीन बहालवाला गृहमन्त्री बालकृष्ण खाँणलाई पराजित गरेका थिए। राप्रपाका संस्थापक सदस्य एवं वरिष्ठ नेता बोहराको



निधनले राप्रपा र राष्ट्रवादी आन्दोलनलाई ठूलो क्षति पुगेको जनाइएको छ।

राप्रपाका सांसद एवं पूर्वमन्त्री पशुपतिशमशेर जबराका अनुसार आफ्नो निर्वाचन क्षेत्रमा बोहरा यति लोकप्रिय थिए कि बोल्दै नबोली पछिल्लोपटक निर्वाचित भएका थिए। 'बोल्दै नबोलेर, भाषणै नगरेर पनि पछिल्लो संघीय चुनाव जितेका बोहरा स्थानीय जनतामाझ लोकप्रिय थिए,' जबराले अन्नपूर्णसँग भने, 'असाधारण र सशक्त व्यक्तित्व भएका नेता गुमाउनु पर्दा अत्यन्तै दुःखित छु।'

सांसद बोहराको निधनमा शोक प्रस्ताव पारित गर्दै मंगलबारको प्रतिनिधिसभा बैठक सकिएको छ। बोल्न असहज हुने भएकाले प्रतिनिधिसभामा पनि लिखित मन्तव्य पेस गर्दै निर्वाचन क्षेत्रको विकासमा उनी प्रतिबद्धता व्यक्त गर्थे।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले विद्यार्थी जीवनदेखिकै अभिन्न मित्र गुमाउन पुगेकोमा दुःख महसुस भएको बताए। 'मुलुकले लोकप्रिय नेता र पार्टीले कुशल संगठनकर्ता र व्यक्तिगत रूपमा सुखदुःखको साथी गुमाएको छुँ,' उनले भने।

गुरुङले नेपालमा तेक्वान्दो खेलको विकासका लागि केही महत्वपूर्ण योजनाका साथ काम पनि गरिरहेका छन्। त्यो योजना एक वर्षभित्र पूरा गर्ने आफ्नो लक्ष्य रहेको उनको भनाइ छ। 'तेक्वान्दोको प्रोजेक्टमा मैले काम गरिरहेको छु। त्यसमा नेपालभरीका तेक्वान्दो खेलाडीलाई सहयोग मिल्नेछ,' उनले सुनाए, 'खेलाडीको सपना पूरा गर्न हाम्रो अधिकतम प्रयत्न रहनेछ,सम्भवत यही वर्ष हाम्रो प्रोजेक्टको काम सकिनेछ।'

**यसकारण दुर्लभ मानिन्छ ९ डान**

तेक्वान्दोमा ९ डानको उपाधि जति सम्मानजनक मानिन्छ उति नै यो विश्वस्तरमै प्रतिष्ठित पनि मानिन्छ।

» बाँकी पृष्ठ ५


## यूएईले १६६ नेपालीलाई दियो आममाफी

**आबुधाबी** (एजेन्सी) : संयुक्त अरब इमिरेट्स (यूएई)ले विभिन्न अपराधमा जेल जीवन बिताइरहेका १ सय ६६ जना नेपालीलाई आममाफी दिएको छ। रमजान महिना र इदको अवसरमा यूएई सरकारले १ सय ६६ नेपाली कैदीलाई आममाफी दिएको परराष्ट्र मन्त्रालले जानकारी दिएको छ। परराष्ट्र मन्त्रालयले उक्त निर्णयप्रति यूएई सरकारलाई धन्यवाद दिएको छ।



दुई देशबीचको सम्बन्धलाई थप सौहार्द्रता प्रदान गरेको र यस प्रकारको क्षमादानलाई नेपाल सरकारले उच्च मूल्यांकन गर्ने परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

सरकारले यूएईस्थित नेपाली दूतावासमार्फत कैदीबन्दी नेपालीलाई माफी दिन अपिल गरेको थियो। यसअघि कतार सरकारले १८ जना नेपालीलाई आममाफी दिएको थियो।




# तुलसी बने पहिलो नेपाली 'ग्रान्डमास्टर'

## तेक्वान्दोमा ९ डान प्राप्त गरेर रचे इतिहास

अनोज रोक्का | हङकङ

नेपाली तेक्वान्दो खेलमा कीर्तिमान बनाउँदै तुलसीकुमार गुरुङले सबैभन्दा माथिल्लो र अन्तिम उपाधि मानिने ९ डान प्राप्त गरेका छन्।

'यो उपाधि प्राप्त गर्नु अत्यन्तै कठिन छ। गुरुङले पाउनुभएको यो उपाधिले तेक्वान्दोप्रति समर्पित सम्पूर्ण खेलाडी र देशकै शिर उँचो बनाएको छ,' ओलम्पियन दीपक विष्टले भने। उनका अनुसार ७ डान प्राप्त गरिसकेपछि ८ डानका लागि ७ वर्ष र ९ डानका लागि अर्को ८ वर्ष तेक्वान्दोमै निरन्तर क्रियाशील रहनुपर्छ।

नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष अशोक खड्काले गुरुङको उपलब्धि राष्ट्रकै लागि गौरवको विषय भएको बताए। 'यो उपाधि प्राप्त गर्न ४०/४५ वर्ष निरन्तर तेक्वान्दोमै क्रियाशील रहेर शारीरिक रूपमा तन्दुरुस्त हुनै पर्छ, 'खड्काले भने, 'संसारमै यो उपाधि दुर्लभ मानिन्छ। यो कठिन छ, समर्पण चाहिन्छ।'

गुरुङले गत वर्ष डिसेम्बरमा ९ डान प्राप्तिका लागि कोरियाको सियोलस्थित विश्व तेक्वान्दो महासंघमा प्रयोगात्मक र लिखित परीक्षा दिएका थिए। महासंघले १८ चैतमा नतिजा घोषणा गरेको हो। यस वर्ष जुनमा आयोजना हुने कार्यक्रममा गुरुङलाई प्रमाणपत्र प्रदान गरिनेछ।

**गुरुङको खेल समर्पण**

६३ वर्षका गुरुङ हङकङमा बसोबास गर्छन्। उनी हङकङ तेक्वान्दोका प्रमुख प्रशिक्षकसमेत भइसकेका छन्।

नेपालमा मात्र होइन, हङकङको खेलकुद इतिहासमा पनि यो स्थान हासिल गर्ने गुरुङ पहिलो नेपाली हुन्। पूर्वब्रिटिस गोर्खा सैनिक उनी सन् १९८२ र १९८३ मा आयोजित 'हङकङ ओपन ब्ल्याक बेल्ट कम्पिटिसन' का स्वर्ण पदक विजेता हुन्।

सन् १९८३ मा उनले हङकङको प्रतिनिधित्व गर्दै डेनमार्कको कोपनहेगनमा आयोजित 'वर्ल्ड तेक्वान्दो च्याम्पियनसिप' मा सहभागिता जनाएका थिए। ब्रिटिस सैनिक खेलाडीबीचको प्रतिस्पर्धामा सर्वोत्कृष्ट भएपछि उनलाई हङकङ ओपनमा सहभागी हुने अवसर जुरेको थियो।

सन् १९९३ मा अमेरिकामा आयोजित विश्व



तेक्वान्दो च्याम्पियनसिप र १९९५ थाइल्यान्डमा आयोजित इष्ट एसियन गेम्समा गुरुङ अफिसियल रेफ्री थिए।

त्यसो त नेपाली खेलकुदमा समेत उनले इतिहास रचेका छन्। २०४० मा पोखरामा आयोजित दोस्रो राष्ट्रिय खेलकुदमा गुरुङले मार्सल आर्ट्सतर्फ स्वर्ण पदकसहित उत्कृष्ट फाइटरको उपाधि जितेका थिए।

त्यतिबेला कराँतेका चर्चित खेलाडी मोहन राईलाई गुरुङले क्वाटरफाइनलमा पराजित गरेका थिए। सेनाबाट अवकाश लिइसकेपछि पनि उनी निरन्तर तेक्वान्दोमै सक्रिय रहे। सन् २००१ मा गुरुङले 'हङकङ नेप्लिज तेक्वान्दो महासंघ' गठन गरेका थिए। त्यसयता उनको प्रशिक्षणमा २ हजारभन्दा बढीले ब्ल्याक बेल्ट लिइसकेका छन्।

**नेपालको हितमा काम गर्ने चाहना**

१७ वर्षको उमेरदेखि तेक्वान्दोमा निरन्तर सक्रिय गुरुङले ९ डान परीक्षा पास गर्न निकै चुनौतीपूर्ण रहे पनि सफल भएकामा खुसी व्यक्त गरे। 'तेक्वान्दो खेलप्रतिको मेरो प्रेम, निरन्तर मेहनत र समर्पणका कारण ९ डान प्राप्त हुन सकेको हो भन्ने मलाई लाग्छ, 'गुरुङले भने, 'यो उपाधि प्राप्त गर्न जति मेरो भूमिका छ, त्यति नै मलाई मेरो परिवारको हौसलाले भूमिका खेलेको छ।'

» बाँकी पृष्ठ ५